# कालीकोट जिल्लाको १७ औं जिल्ला परिषदमा जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी पुष्पराज शाहीबाट प्रस्तुत वजेट, नीति तथा कार्यक्रम

प्रमुख अतिथि माननीय सभासद महेन्द्रवहादुर शाही ज्यू,
विशिष्ट अतिथि माननीय सभासद तुलाराज विष्ट ज्यू,
विशिष्ट अतिथि जिल्ला अदालतका माननीय जिल्ला न्यायधीशज्यू,
भूतपुर्व मन्त्री, सहायक मन्त्री ज्यू,
भूतपुर्व सांसद एवं सभासदज्यूहरु,
जिल्ला स्थित राजनीतिक दलका केन्द्रिय सदस्यज्यूहरु तथा राष्ट्रिय प्रतिनिधि महासमिति सदस्यहरु,
जिल्ला विकास समितिका भुतपूर्व सभापति तथा उपसभापतिज्यूहरु,
प्रमुख जिल्ला अधिकारीज्यू तथा सुरक्षा निकाय प्रमुखज्यू,
जिल्लाका सबै राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु,
विषयगत समितिका संयोजकज्यूहरु,
जिल्लास्थित सबै कार्यालयका प्रमुखज्यूहरु,
क्याम्पस प्रमुख, प्राध्यापकज्यूहरु,
जिविस महासंघका केन्द्रिय सदस्यज्यू,
गाविस राष्ट्रिय महासंघका  सदस्यज्यू,
गाविस सचिवज्यूहरु,
महिला समन्वय समितिका पदाधिकारीज्यूहरु,
अन्तरपार्टी महिला सञ्जाल, एकल महिलाका प्रतिनिधिहरु,
दलितवर्ग उत्थानका लागि जिल्लामा संघर्षशिल संघसंस्थाका प्रतिनिधिहरु,
आदीवासी जनजातीसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरु,
शहिद परिवारजनहरु,
जिल्लामा कार्यरत दातृसंस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु
जिल्लाका विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु
जिल्लामा कार्यरत गै.स.स. प्रमुख एवं प्रतिनिधिज्यूहरु,
विभिन्न संचार माध्यमका संचारकर्मी एवं पत्रकारज्यूहरु,
संस्थागत विद्यालयका व्यवस्थापक प्रतिनिधिहरु
शिक्षक संघ संगठनका पदाधिकारीहरु
नागरीक समाजका प्रनिनिधिज्यूहरु,
विद्यार्थी संघ संगठनका प्रतिनिधिहरु,
कर्मचारी संघ संगठनका पदाधिकारीहरु,
पेशागत हकहित संरक्षण लगायत गाविस हकहित संरक्षण केन्द्रका पदाधिकारीहरु,

बिभिन्न क्षेत्रमा कार्यरत महिला, समाजसेवी, दलित, जनजाति, फरक क्षमता भएका महानुभावहरु, बालबालिका, शिक्षकवर्ग, बुद्धिजीवी, युवा, विद्यार्थी, कर्मचारी, सुरक्षाकर्मी, एवं यस गरिमामय जिल्ला परिषदमा उपस्थित सम्पूर्ण आदरणीय कालीकोटवासी दाजुभाई तथा दिदीवहिनीहरु,

म १७ औं जिल्ला परिषद्को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

कालिकोट जिल्लाको १७ औं जिल्ला परिषद्को यस शुभ अवसरमा सर्वप्रथम देश र जनताको हितका लागि आफ्नो अमूल्य जीवन आहूती दिनुहुने सम्पूर्ण ज्ञात, अज्ञात वीर शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शहिदका परिवारहरु प्रति हार्दिक समवेदना तथा सम्मान प्रकट  गर्दछु । कालीकोट जिल्लाको १७ औं जिल्ला परिषद् २०७० को समुदघाट्न समारोहमा जिल्ला विकास समितिको निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथि, विशेष अतिथी तथा अतिथिज्यूहरु लगायत जिल्लाबासीहरुमा जिल्ला विकास समिति र मेरो आफ्नो तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

लोकतान्त्रिक व्यवस्था र विकास परिपूरक पक्ष हुन् तर स्थानीय स्तरमा निर्वाचन विना लोकतन्त्रको अभ्यास भइरहेको तितो यथार्त हाम्रो सामु छ । तथापी नेपाल सरकारको सभापतीय जिम्मेवारी वहन गर्दा जिल्लास्तरमा सबै रानीतिक दल, नागरिक समाज र मिडियाकर्मीसँग निरन्तर सहकार्य गर्दै नीति निर्माणको अभ्यास गरी जनप्रतिनिधिमूलक संयन्त्रको अनुभूति दिलाउने प्रयास भइरहेको छ, तापनि यो अपुरो नै हुन्छ, तसर्थ नेपाल सरकारसँग स्थानीय निकायको यथाशिघ्र निर्वाचन गराउन सबैले पहल गराईदिनु हुन अनुरोध गर्दछु । राष्ट्रसेवक कर्मचारीहरुले जिल्लाको विकास निर्माणमा अथक प्रयास गरिरहेको र गर्न प्रतिवद्ध भएको कुरा व्यक्त गर्न चाहन्छु ।

कर्णाली अञ्चलमा विकासशील जिल्लातर्फ उन्मुख कालिकोट जिल्लालाई सम्वृद्ध, सम्मून्नत र कृषि पेशामा व्यवसायिक बनाउन **“सडक, विद्युत, सिंचाई, पर्यटन र खानेपानी जस्ता पूर्वाधारको आवश्यकता र स्थानीय मागमा हाम्रो प्रतिवद्धता”** भन्ने नारामा जिल्लाको राजनीतिक दल, नागरिक समाज, सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग सदा समन्वयकारी भूमिका राख्न जिविस सदैव क्रियाशिल रहने कुरा कालिकोटबासीहरुमा निवेदन गर्न चाहन्छु । साथै यस वर्ष मुख्य प्राथमिकतामा रहेका कार्यक्रममहरु बारे पनि जानकारी गराउन चाहन्छु ।

- जिल्लामा हुने विकास निर्माण कार्यक्रमहरु अधिकाधिक उपभोक्ता समूहबाट कार्यान्वयन हुने हुँदा स्थानीय रोजगार सृजना भएको छ, तर आयोजनाको गुणस्तरता, समयवद्धता र अपनत्वमा समस्या देखिएको छ, आगामी समयमा स्थानीय स्तरमा अनुगमन समिति र जिल्ला स्तरको अनुगमन समितिको सिफारिसमा आयोजनाको सम्पन्नता परीक्षण गर्ने नीति लागू हुने कुरा जानकारी गर्दछु ।
- सरकारी र गैरसरकारी संघ संस्थाहरुको काममा माननीय सभासद ज्यूहरु, नागरिक समाज र मिडियाकर्मीहरुबाट विश्वस्त हुन पाउनुपर्ने माग बढेकाले सार्वजनिक निर्माण कार्यमा तेश्रो पक्षको सहभागिता सहित अनुगमन गर्ने गराउने नीति जिविसबाट पहल गरिनेछ ।
- गतवर्ष बनेको DTMP मा रहेका सडक सञ्जालहरु विवादरहित हुन नसकेकोले यस वर्ष सडक गुरु योजना परिमार्जनका लागि सर्वपक्षीय छलफल आयोजना गरी सम्पन्न गरिनेछ ।
- गतवर्ष जिल्लाबाट राजनीतिक दलको सहभागितामा गएको डेलिकेसनले राखेको मुख्य माग सडक र विद्युत मर्मत उपलब्धीमूलक रहेकाले यस वर्ष ती आयोजनाहरु कार्यान्वयनको चरणमा रहेका छन् । मान्म बजार RCC ढलान यसै वर्ष हुदैछ । यो गत वर्षको प्रतिवद्धता पुरा भएको भन्न सकिन्छ ।

- झोलुङ्गे पूलतर्फ गत आ.व.मा ४ वटा झो.पु. सम्पन्न भएका र चालु आ.व. ०७०।७१ मा निर्माणाधिन १० वटा झो.पु. सम्पन्न गर्ने लक्ष्य छ । साथै गत असार महिनामा बाढीले बगाएको पोद्माराको झो.पु. ४ महिना भित्र सम्पन्न हुनेछ ।
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) ले वडा नागरिक मञ्चलाई सक्रिय बनाइएकोले योजनाको तर्जुमा प्रक्रियालाई संस्थागत गर्न आधार बनेको छ, कार्यक्रमको नयाँ चरण शुरु भई जिल्लामा कर्मचारी पठाउने प्रक्रियामा रहेको छ ।
- लघु उद्यम विकास कार्यक्रम (MEDEP) बाट (MEDPA) मा रुपान्तरण भई गरिवी निवारण गर्न यस कार्यक्रममा जिविसको नेतृत्वदायी भूमिका रहने र जिल्ला घरेलु कार्यालयमार्फत कार्यक्रम कार्यान्वयनको उत्तरदायित्व तोकिएको छ ।
- विगत वर्ष झै यस वर्ष पनि पशु सेवा कार्यालय लगायत अन्य विषयगत कार्यालयहरु अन्तरगत सेवा केन्द्र थप माग गर्ने, पशुपालन व्यवसायलाई आधुनिक र आयमूलक बनाउन पशु विकास कार्यालयको कार्यक्रम तर्जुमामा ध्यान दिन लगाइ पशुपालन व्यवसायीहरुलाई सहजीकरण गरिनेछ ।
- जिल्ला वन कार्यालय र बहुसरोकारवाला वन आयोजनाबाट वृक्षारोपण गर्ने कार्यमा व्यापकता दिन, सार्वजनिक वन अतिक्रमणलाई नियन्त्रित बनाउन जिल्लाको वन क्षेत्र अनुगमन समितिलाई सक्रिय पारिनेछ, खानी उत्खनन कार्य गर्दा वन नोक्सानीको जोखिम जोगाउन सम्बन्धित इजाजत पत्रवालालाई जिम्मेवार बनाईने छ ।
- महिला वालवालिका कार्यालयको काम कारवाहीलाई पारदर्शी र लक्षित वर्गमा पुगे नपुगेको विश्वस्त बनाउन जिल्ला महिला समन्वय समितिको भूमिकालाई सक्रिय बनाईने छ ।
- जिल्ला शिक्षा कार्यालयको पूर्वाधार निर्माण प्रक्रिया र विद्यालय प्रशासनमा वेथिती भएको भन्दै व्यापक जनगुनासो रहेको सन्दर्भमा सुधार गर्न विद्यालय शिक्षा योजना, गाउँ शिक्षा समिति, जिल्ला शिक्षा समिति र जिल्ला परिषद्का निर्णयहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ साथै विद्यालय प्रशासनको अनुगमनलाई प्रभावकारी बनाउन जिल्ला शिक्षा कार्यालयलाई सहयोग जुटाउन वातावरण तयार पारिनेछ । जिल्लाको गाविसगत भूगोलमा आधारित भएर हिउँदे र वर्षे विदा मिलाई शिक्षण सिकाईमैत्री विद्यालय प्रशासनको सुरुवात गरिनेछ । अनौपचारिक शिक्षाको अभियानलाई पनि राष्ट्रिय लक्ष्यनुसार निरन्तरता दिइनेछ ।
- जिल्लालाई खुला दिशामुक्त बनाउँदै कालिकोट जिल्लाले सरसफाईको क्षेत्रमा राष्ट्रिय पहिचान कायम गरेको छ, **"पानी र बानी"** विकास गर्न किर्डाक नेपाल-Water AID Project को साझेदारी र जिल्लाको ६ वर्षे खानेपानी रणनीति योजना २०७० मार्फत यसलाई गतिशिलता दिने र यसबाट Post ODF कार्यक्रमलाई मद्दत पुग्नेछ ।
- जिल्लामा रहेका ५ वटा क्याम्पस र पाखामा रहेको कृषि प्राविधिक शिक्षालयलाई जिविसको आफ्नो श्रोत नरहेकोले सम्बन्धित निकायमा आवश्यक सहयोग जुटाउन पहल गरिनेछ ।
- नेपाल सरकारबाट जारी भएको बालमैत्री स्थानीय शासन रणनैतिक खाका तथा कार्यान्वयन कार्यविधि-२०६८ को उद्देश्य अनुरुप निर्देशन दिदै आएकोमा यस वर्ष पनि गाविस र विषयगत कार्यालयहरुबाट वालबालिकाहरुमा आधारित कार्यक्रम तर्जुमा गर्ने व्यवस्था मिलाई बालमैत्री स्थानीय शासनको अनुभूति दिईनेछ ।
- जिविस अन्तर्गत रहने गरी विभिन्न कोषहरुको स्थापना भई निर्देशिका तयार भएको र बाँकी कोषहरु संचालनको लागि कोष परिचालन निर्देशिकाहरु तयार गरी लागु गरिने छ ।

- उर्जा क्षेत्र सहयोग कार्यक्रम/सुन्दर नेपाल/आस्था नेपाल सुर्खेत, गरिबी निवारण कोष र स्थानीय गै.स.स.हरुको सहयोगमा माल्लागाड, भर्तागाड, छहरेगाड, नाग्मगाड, राचुली गुत्तुगाड, विहानीखोला, बन्चुगाड, बदालकोटगाड, गोदी खोला, बालीगाड, ओखरगाड, औला खोला, घट्टेगाड लघु जलविद्युत आयोजनाहरु सञ्चालित अवस्थामा छन्, तर श्रोत अभाव रहेकोले थप अनुदानका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।
- विश्व खाद्य कार्यक्रम WFP मार्फत RCIW कार्यक्रमबाट संचालित योजनाहरुमा बदालकोट, राम्नाकोट, नानीकोट, थिरपु, धौलागोह र खिन गा.वि.स.हरुमा ५५३ मे.ट. खाद्यान्न उपलब्ध गराउन सहयोग भएको छ । जिल्ला कृषि विकास कार्यालय र WFP कार्यक्रमबाट खाद्य सुरक्षा अनुगमन सञ्जालले खाद्य सुरक्षा प्रतिकार्य योजना बनाईएकोमा लागु गरी खाद्य सुरक्षामा स्थानीय शासनको अनुभूति गराईने छ ।
- गरिवसँग विशेश्वर कार्यक्रम अन्तर्गत कार्यक्रम लागु भएका मान्म र वदालकोट गाविसहरुमा हालसम्म १४ वटा सामूदायीक संस्थाहरुको गठन भै नियमित रुपमा वचत तथा विउपुजिका कार्यक्रमहरु सञ्चालन भएका छन । नेपाल सरकारबाट यस कार्यक्रमलाई प्राथमिकता दिई थप विस्तार गरी प्रभावकारी रुपमा अगाडि बढाउन जिल्ला विकास समितिको तर्फबाट पहल गरिनेछ ।
- स्थानीय अनुकूलन कार्ययोजना (LAPA) जिल्लाको लालु, रकु, मान्मा, दाहाँ, कालिका गा.वि.स.हरुमा लागु भएको छ ।
- उपाप आयोजनको सन् २०१७ सम्म लागु हुने कार्यक्रम अन्तरगत सामुदायिक लगानी योजना (CIP) तयार भई समुदायको पूर्वाधार निर्माण र लक्षितवर्गको स्वरोजगार कार्यक्रममा कोषको विनियोजन हुने कार्य जारी रहेको छ ।
- जिल्लाका सबै गाउँ विकास समितिका नीतिगत दस्तावेजको रुपमा रहेको आवधिक गाउँ विकास योजना तयार भएका छन् । त्यसैगरी गाविस प्रोफाइलहरु निर्माण कार्य अन्तिम अवस्थामा रहेको छ । साथै जिल्ला विकास समितिको आवधिक योजना यसै आ.व.को ४ महिनाभित्र तयार भई कार्यान्वयनमा आउने छ ।
- पर्यटन क्षेत्रको लागि इलाका स्तरबाट माग भई आएका आयोजनालाई कर्णाली क्षेत्र पर्यटन प्रवर्द्धन विकास समितिमा जस्ताको तस्तै माग गर्ने र राष्ट्रिय तथा अन्तराष्ट्रिय ख्यातीप्राप्त राष्ट्रगुरु नरहरी नाथको आश्रम र प्रतिमा निर्माण गरी कालिकोटलाई प्रमुख धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गरी पहिचान गराईने छ ।
- स्वास्थ्य क्षेत्रमा जिल्लाको अस्पताललाई इन्धन आपुर्ति गराई एक्सरे लगायतका अत्यावश्यक सेवाहरु सुचारु गर्न जिल्ला विकास समितिले आवश्यक पहल गर्नेछ ।
- जिल्ला विकास समितिले केन्द्रबाट मार्गदर्शन भएका तपसिल बमोजिमका कार्यक्रमहरुलाई आत्मसात गरी लागु गर्नेछ
- स्थानीय पूर्वाधार क्षेत्रलाई क्षेत्रगत अवधारणा अनुरुप गुणस्तरीय, दिगो र वातावरणमैत्रीरुपमा विकास गर्ने
- टेक्निकल स्पेसिफिकेशन, स्ट्याण्डर्ड र नर्म्सको प्रयोगवाट स्थानीय पूर्वाधार निर्माणलाई ब्यवस्थित गर्ने ।
- स्थानीय पूर्वाधारलाई विकास सहयोगी पूर्वाधारकोरुपमा उपयोग गर्ने ।
- राष्ट्रिय योजना आयोगवाट मिति २०७०/०८/१७ को पत्र साथ प्रेषित आ.व. ०७१/०७२ को जिल्ला स्तरिय वजेट तर्जुमा मार्गदर्शनको स्वामित्व र जिम्मेवारी वोध गरी तदनुसार कार्य सम्पादन गर्ने ।
- विकास साझेदार निकायहरुलाई जिल्ला स्तरिय योजना प्रक्रियाका प्रत्येक चरणमा सम्लिलित हुने उत्प्रेरित गर्ने । यसरी सवै साझेदारहरुको सयुक्त सहभागितामा योजना तर्जुमा भई कार्यान्वयन हुने कृयाकलापवाट

हासिल हुने नतिजा मापन योग्य वनाउने । साथै त्यसवाट लक्षित समुदाय लगायत जिल्लावासीले प्रत्यक्षरुपमा लाभान्वित भएको महशुस गराउन स्थानीय विकास अधिकारीले दुरदृष्टि राखी योजना तर्जुमा प्रक्रियाको अगुवाई र कार्यान्वयनमा विशेष ध्यान दिन तत्परता र इमान्दारिता प्रर्दशन गर्ने ।

- दिगो आर्थिक, सामाजिक विकास, वातावरण मैत्री र स्तरिय स्थानीय पूर्वाधार तथा प्रभावकारी सेवा प्रवाहद्वारा आय आर्जनका अवसरहरु सघन वनाउदै गरिवी न्यूनिकरणमा सहयोग पुऱ्याउने ।

**उपस्थित सहभागी महानुभावहरु,**

अब म आर्थिक वर्ष २०७०/०७१ मा स्वीकृत भएका जिल्ला विकास योजनामा उल्लेखित विकास कार्यक्रमहरुको संक्षिप्त विवरण जानकारीका लागि सर्वप्रथम जिल्ला विकास समिति र यस मातहतका विभिन्न आयोजना र कार्यक्रमहरुको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

हाल जिल्ला विकास समिति कालीकोट अन्तर्गत जिल्ला विकास अनुदान, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP), गाउँ विकास समिति अनुदान, ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम, झोलुङ्गे पुल तथा स्थानीय स्तरका सडक/पुलहरु, विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार परियोजना (DRILP-AF), पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना (WUPAP), कर्णाली रोजगार कार्यक्रम, दुर्गम क्षेत्र विकास कार्यक्रम (RADC), ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम (RCIW), बालमैत्री स्थानीय शासन (CFLG) अवधारणा, गरिवी निवारण कोष (PAF), ग्रामीण जिविकोपार्जनको लागि नविकरणीय उर्जा विकास कार्यक्रम (RERL), नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP), बहु सरोकारवाला वन कार्यक्रम (MSFP) **"हरित कालिकोटको अभियान"**, लघुउद्यम विकास कार्यक्रम (MEDEP) जस्ता आयोजना तथा कार्यक्रमहरु संचालित रहेका छन् भने RAP-3 कार्यक्रम पनि रास्कोट क्षेत्र र पलाता क्षेत्रमा जाने गरी जारकोटबाट शुरु भएको छ ।

**उपस्थित महानुभावहरु,**

अव म १७ औं जिल्ला परिषद, २०७० को तयारीको लागि जिल्ला विकास समितिले अवलम्वन गरेका नीतिगत प्रक्रियाबाट भएका यस वर्षको महत्वपूर्ण उपलब्धीहरु जानकारी गराउने अनुमति चाहन्छु ।

**<u>यस वर्षको महत्वपूर्ण उपलब्धीहरु</u>**

- यस आ.व.मा सामाजिक सुरक्षा भत्ता वितरण तर्फ बेरुजु घट्नु, ५० लाख रकम फिर्ता हुनु, ४२६१ जना गैरकानुनी दर्ता तथ्यांक घट्नुले यसमा सुधारको संकेत देखा परेकाले थप सुधारमा निरन्तरता दिइनेछ ।
- कर्णाली रोजगार कार्यक्रममा मन्त्रालयबाट प्राविधिक सम्भाव्यता हेरी छनौट भएका Center for Excellance का लागि २ पाइलट project मध्ये दाँहा र पाखा क्षेत्रमा सडक र कर्णाली पारीमा एउटा सिंचाई आयोजना छनौट गर्ने र एक घर एक रोजगार बनाउने गरी कार्यक्रम परिक्षण पछि सबै गाविसमा परिमार्जन गरिने छ ।

- विकेन्द्रित ग्रामिण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रम (DRILP-AF) परियोजना ADB को परामर्शदाताबाट कार्य गरी हुल्म-सेरी-साँख-छेलाहान्ना सडक खण्डको DPR ADB बाट अन्तिम स्वीकृती आउने क्रममा रहेकाले यसै आ.व.देखि टेन्डर भई कार्य संचालनमा आउने छ ।
- जिल्लाको उर्जा तथा वातावरण शाखा उर्जा, वातावरण तथा जलवायु परिवर्तन शाखामा रुपान्तरण भएको छ, स्थानीय अनुकुलन कार्यक्रम (LAPA) को साझेदार संस्था छनौट कार्यान्वयन प्रक्रियामा छ । उर्जातर्फ थिपु दाम्डीगाड लघु जल विद्युत आयोजनाबाट ११ कि.वा. बत्ती बलि १२७ घरधुरी लाभान्वित भएका छन् । साथै गेलाको भ्याकुने गाड र राम्नाकोटको लाफागाड जल विद्युत आयोजना यसै वर्ष सम्पन्न गरी बत्ती बाल्ने लक्ष्य रहेको छ । सञ्चालित बाँकी आयोजनाहरु लागत रिभाइज गरी थप अनुदानका लागि सिफारिस गरिएको छ ।
- ग्रामिण पहुँच कार्यक्रम (RAP-3) बाट रास्कोट क्षेत्रको १९ कि.मी. र जारकोट हुँदै पलाता क्षेत्र जाने ७० कि.मी. मध्ये जारकोट क्षेत्रको ५ कि.मी. यस वर्ष सम्पन्न हुनेछ र थप १० कि.मि. walk-over Survey भएको हुनेछ ।
- सबै प्रकारका पछाडि पारिएका महिला, दलित, अपांग, जनजाती र बालबालिकाहरुको क्षेत्रमा अनिर्वाय बजेट व्यवस्थाका लागि गाविस र विषयगत कार्यालयलाई निर्देशन दिइएको छ र जिल्लागत तहमा जिल्ला समन्वय समितिलाई आएको बजेट कार्यक्रम तर्जुमा गरी विनियोजन गर्नलाई स्वतन्त्र बनाइएको छ ।
- गाविस सचिवहरुको कार्य परदर्शी र चुस्त भई गुनासो कम आउने गरेको । गत आ.व.मा गाउँ विकास समितिबाट ५० लाख भन्दा बढी सामाजिक सुरक्षा भत्ता फिर्ता भएको छ ।
- MCPM को सूचकहरुमा १० अंकले यस वर्ष बृद्धि भएको छ । साथै गत वर्ष काम भएको प्रगतिले आगामी आ.व.मा शतप्रतिशत अनुदान प्राप्त हुने अपेक्षा गरिएको छ ।
- RCIW को ५ वर्षे कार्यक्रमभित्र खीन-धौलागोह हुँदै ओदी जोड्ने ग्रामीण सडक निर्माण नगरी अन्य क्षेत्रमा काम गर्न नपाउने गरी बोर्ड बैठकबाट निर्णय गरिएको छ । यसै जिल्ला परिषद्बाट पारित गर्न प्रस्ताव गरिएको छ ।
- सामाजिक सुरक्षा भत्तालाई पारदर्शी बनाउन नामावली विवरण website मा राख्ने तयारी भएको छ ।
- जिल्लामा दिर्घकालीन महत्व राख्ने सुर्खेत जुम्ला सडक खण्डको गुणस्तर अनुगमन तथा परिक्षण गर्न नन्द बहादुर शाहीको संयोजकत्वमा एक कार्यदलले प्रभावकारी कार्य गर्दै आएको छ ।
- कालिकोट जिल्लामा प्रस्तावित तीला-१ र तीला-२ जलविद्युत आयोजनालाई सुचारु गर्न स्थानीय एवं जिल्ला स्तरमा छलफल आयोजना गरी सहमती कायम गर्न जिल्ला विकास समितिले संयोजनकारी भूमिका निर्वाह गरी विवादको समस्या समाधान गरी एकिकृत धारणा वनाउन माननीय सभासदको संयोजकत्वमा एक समिति गठन गरिने छ । यदि सम्पन्न भएमा सन् २०२० सम्म निर्माण सम्पन्न भई जिल्ला विकास समितिलाई करिव ३५ करोड वार्षिक रोयल्टी आउने सम्भावना रहेको छ ।
- प्राकृतिक प्रकोपबाट कालिकोट जिल्लाको विद्युत आपूर्ति बन्द भएकोले जिल्लाबाट जिल्ला विकास समितिको नेतृत्वमा राजनीतिक दलहरुको सहभागिता सहित राजधानीमा डेलिकेशन गएको कुरा सर्वविदितै छ, मर्मत गर्न हाल टेन्डर मुल्यांकनको प्रक्रियामा रहेको छ, आगामी ६ महिना भित्र विद्युत आपूर्ति सुचारुमा ल्याइनेछ । जिविसभित्र विद्युत आपूर्ति गर्न उपलब्ध सोलार मर्मत गरी दैनिक कामकारवाहीलाई संचालनमा ल्याइएको छ ।

- जिल्ला विकास समितिको आन्तरिक मितव्ययीतामा व्यापक सुधार गर्न घरभाडा खर्चमा कटौती, गेष्टहाउस भित्रका खर्चिला भोजभतेरको अन्त गरिएको, अनियन्त्रित र अनाधिकृत खरिद आदेशमा नियन्त्रण र कर्मचारी अनुगमन खर्चलाई अतिआवश्यक कार्यमा सिमित गर्ने जस्ता कदम चालिएको छ ।
- जिल्ला विकास समितिले आ.व. २०६८।०६९ को ५ करोड बेरुजु फर्छ्यौट गरी वित्तिय जवाफदेहीता प्रवर्द्धन गर्न सफल भएको छ । यो अभियानलाई वार्षिक लक्ष्य अनुसार यस वर्ष पनि निरन्तरता दिईने छ ।
- राजस्व रकमको दरमा गत वर्ष व्यापक वृद्धि गरिएको हुँदा करदाताहरुमा नकारात्मक प्रभाव परेको अनुभूति भई करको दरलाई घटाईएको छ ।
- कार्यालयलाई सेवाग्राही मैत्री बनाउन शाखाहरुको नाम, नागरिक वडापत्र, सरसफाई र रगंरोगनबाट आकर्षक बनाउने प्रयास गरिएको छ ।
- हरेक महत्वपूर्ण सन्देश र सूचनाहरु रेडियो, एफ.एम.को प्रयोग गरी सबै गतिविधिहरु नागरिकको जानकारीमा आउने वातावरण सृजना गर्न आधुनिक प्रविधिको उपयोग ल्याउने सुरुवात गरिएको छ ।
- काम नगर्ने र अन्तिम समयमा काम गरी गुणस्तरसँग कार्यालयलाई सम्झौता गर्न बाध्य गराउने परम्परागत तरिका अन्त गरी बजेट भुक्तानीलाई काम र समय सीमाभित्र सिमित गर्ने पद्धति कडाईका साथ लागू गरिएको छ, साथै यस आ.व.मा उपभोक्ता समिति गठन गर्ने अन्तिम मिति र गुणस्तर सुनिश्चितताका लागि स्थानीय र जिल्ला स्तरको अनुगमन समिति सक्रिय बनाउने नीति लिइनेछ । साथै काम नगरी भुक्तानी गर्ने र उपभोक्ताको खातामा पैसा बन्दी गरी राख्ने परम्परालाई गत वर्षजस्तै निरुत्साहित गर्ने ।
- सार्वजनिक श्रोत साधनको दुरुपयोग रोक्न भातृसंगठनले चन्दा माग्ने, संघसंस्थाहरुबाट गैरकानूनी रुपले आस गर्ने थलोको रुपमा लिने परम्परालाई निरुत्साहित गरिएको छ जसले वित्तिय सुशासनमा मद्दत गरेको छ ।
- यस वर्ष मान्म बजारको RCC ढलान हुनेछ, खुलालु-हुम्ला सडक खण्डको ठेक्का सम्झौता भएकाले कार्य सुरुवात भइसकेको छ । गत बर्ष कर्णाली पारीका १७ गाविसका प्रतिनिधिहरुले माग गरेका आयोजनाहरुको यस बर्ष काम सुरु भइसकेको छ ।

**उपस्थित अतिथि महानुभावहरु,**

स्थानीय स्वायत्त शासन ऐन २०५५ र ऐ. नियमावली २०५६ मा व्यवस्थामा भए अनुरुप जिल्ला विकास समिति अन्तरगतका ५ वटै विषयगत समितिहरु (पूर्वाधार समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, वन तथा वातावरण समिति, संस्थागत विकास समिति) को विश्लेषणात्मक रुपमा अध्ययन गरी कार्यालयगत कार्यक्रम र क्षेत्रगत कार्यक्रमलाई परिष्कृत गरी स्पष्ट रुपमा कार्यालयको बजेट र विषय क्षेत्रको बजेट जानकारी हुने किसिमले बजेट विनियोजन गरिएको छ । सिमित श्रोत साधनबाट जनताका असिमित माग र बढ्दो आकांक्षालाई एकै पटक सम्बोधन गर्न नसकिने यथार्थमा जिल्लालाई प्राप्त बजेट सिलिङ्ग र न्यूनतम रुपमा रहेको जिल्लाको आन्तरिक श्रोतको दायरालाई मूल्यांकन गरी बजेट तर्जुमा गरिएको छ ।

जिल्लामा प्राप्त हुने सवै निकायको कुल वजेट विश्लेषण गर्दा सरकारी, गैर सरकारी तथा आन्तरिक श्रोत र राजश्वबाट प्राप्त हुने आय वजेट मध्ये राजश्व तर्फ रु. ११ लाख १६ हजार रुपैया गरी आन्तरिक आय तर्फ रु. १३ लाख ७५ हजार रुपैया र नेपाल सरकार तथा वाह्य श्रोतबाट प्राप्त अनुदान रु. १ अर्व ७२ करोड १६ लाख ६६ हजार गरी जम्मा रु. १ अर्ब ७२ करोड ४१ लाख ५७ हजारको वजेट चालु आ.व. ०७०/७१ को लागि स्वीकृत वजेट पेश गरिएको छ । जसमा चालु खर्च तर्फ रु. ७५ करोड ९ लाख २१ हजार (कुल खर्चको ४४%) र पुजिगत खर्च तर्फ रु. ९७ करोड ७ लाख ४५ हजार (कुल खर्चको ५६%) रहेको छ ।

कालिकोट जिल्लामा गत आ.व. २०६९।७० को सरकारी तथा गैर सरकारी निकायको कुल बजेट रु. १५४ करोड रहेकोमा यस आ.व. २०७०।७१ मा रु. १७२ करोड विनियोजन भएको देखिएकाले कुल बजेटमा १२% वृद्धि भई रकम प्राप्त भएको छ।

यसै अनुरुप आगामी आ.व. ०७१/७२ को लागि यस जिल्लामा प्राप्त हुने सरकारी, गैर सरकारी तथा आन्तरिक श्रोत र राजश्वबाट प्राप्त हुने आय वजेट मध्ये राजश्व तर्फ रु. १३ लाख, आन्तरिक आय तर्फ रु. १५ लाख र नेपाल सरकार तथा वाह्य श्रोतबाट प्राप्त अनुदान रु. १ अर्व ७५ करोड ७५ लाख ३३ हजार गरी जम्मा रु. १ अर्ब ७६ करोड ३ लाख ३३ हजारको वजेट प्रस्तावित अनुमान पेश गरिएको छ। जसमा चालु खर्च तर्फ रु. ६५ करोड ८२ लाख ४४ हजार (कुल खर्चको ३७%) र पुजिगत खर्च तर्फ रु. १ अर्व ९ करोड ९२ लाख ८८ हजार (कुल खर्चको ६३%) रहेको छ।

उल्लेखित आगामी आ.व. ०७१/७२ को प्रस्तावित वजेटलाई विषयगत समितिमा विनियोजन गर्दा पूर्वाधार विकास समितिमा रु. ८४ करोड २५ लाख १२ हजार (कुल खर्चको ४८%), आर्थिक विकास समितिमा रु. २२ करोड ४० लाख ५८ हजार (कुल खर्चको १३%), वन तथा वातावरण समिति तर्फ रु. ४ करोड ९९ लाख ५७ हजार (कुल खर्चको ३%), सामाजिक विकास समिति तर्फ रु. ६४ करोड १० लाख ५ हजार (कुल खर्चको ३६%) अनुमानित वजेट विनियोजन गरेको छु।

**आदरणीय अतिथि महानुभावहरु,**

अव म जिल्ला विकास समिति तर्फको आय ब्यय अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु। जिल्ला विकास समिति तर्फ चालु आ.व. २०७०/७१ को लागि आन्तरिक श्रोत र राजश्वबाट प्राप्त हुने आय वजेट मध्ये रु. ११ लाख १६ हजार रुपैया, आन्तरिक आय तर्फ रु. १३ लाख ७५ हजार रुपैया र नेपाल सरकार तथा वाह्य श्रोतको अनुदान रु. ६१ करोड ९८ लाख ४१ हजार रुपैया गरी जम्मा रु. ६२ करोड २३ लाख ३२ हजार रुपैया आय अनुमान गरेकोमा चालु तर्फ रु. १८ करोड ६९ लाख ८० हजार र पुजिगत वजेट तर्फ रु. ४३ करोड २८ लाख ६१ हजार रुपैया वजेट विनियोजन भएको छ।

यसै प्रकार आगामी आ.व. ०७१/७२ को लागि आन्तरिक श्रोत र राजश्वबाट प्राप्त हुने आय रु. १३ लाख गरी आन्तरिक आय तर्फ रु. १५ लाख र नेपाल सरकार तथा वाह्य श्रोतको अनुदान रु. ५१ करोड ३५ लाख ४४ हजार रुपैया गरी जम्मा रु. ५१ करोड ६३ लाख ४४ हजार रुपैया वजेट आय अनुमान गरेकोमा चालु तर्फ रु. ५ करोड १५ लाख १९ हजार रुपैया र पुँजीगत बजेट तर्फ रु. ४६ करोड २० लाख २५ हजार रुपैया वजेट प्रस्ताव गरिएको छ।

**उपस्थित अतिथि महानुभावहरु,**

सीमित श्रोत साधनले असीमित माग र बढ्दो आकांक्षालाई एकै पटक सम्बोधन गर्न नसकिने भएकाले जिल्लालाई प्राप्त बजेट सिलिङ्ग र न्यूनतमरुपमा रहेको जिल्लाको आन्तरिक श्रोतको दायरामा रही प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

प्रस्तुत बजेटमा क्रमागत योजनालाई समयमै सम्पन्न गर्न प्राथमिकताकासाथ बजेटको व्यवस्था गरिएको छ । विगत द्वन्दका वेलामा क्षतिग्रस्त भएका पुर्ननिर्माण हुने बाँकी १७ वटा गाविस भवन र अन्य स्वास्थ्य चौकी, पुल, विद्यालय भवन जस्ता सार्वजनिक भवनहरुको पूनः निर्माणमा जिल्ला शिक्षा कार्यालय र द्वन्द्व प्रभावित पुर्ननिर्माण कार्यक्रमबाट आवश्यक वजेटको व्यवस्था गरिएको छ, यसलाई आमामी आ.व.मा पनि निरन्तरता दिइनेछ । सार्वजनिक सेवालाई छिटो, छरितो र सुलभ बनाउनका लागि विभिन्न प्रयासहरु थालनी भएका छन् । जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न ३ वर्षे जिल्ला क्षमता विकास योजना तयार गरिएको छ । समाजमा पिछडिएर रहेका महिला, दलित, जनजाति, अपांग, वृद्ध, बालबालिका आदिको भौतिक विकास, क्षमता अभिवृद्धिका लागि निर्देशिकाले तोक बमोजिम रकम विनियोजनलाई प्रस्तावित गरिएको छ । जिल्ला विकास समिति मातहतमा संचालित विभिन्न दातृ निकायका कार्यक्रम तथा आयोजनाहरु जस्तै : WUPAP, RERL MEDEP, DRILP-AF, CFLG, LILI, SSMP, LINK, RAIDP, DRSP, RAP-3 आदि लाई आवश्यक पर्ने समपुरक कोषको व्यवस्था गरिएको छ । जिल्ला विकास समितिमा स्थापना भएका विशेष कोषहरुका लागि पनि आवश्यक रकम विनियोजित गरिएको छ । जिल्लामा रहेका कला, संस्कृति तथा प्रवर्द्धनात्मक क्रियाकलापका लागि पनि केहि वजेटको व्यवस्था मिलाईएको छ । यूवाहरुको शारिरिक तथा मानशिक क्षमता विकासको लागि खेलकुद विकास समिति र युवा साझेदारी कार्यक्रमबाट विगत देखि सहयोग गर्दै आएको सर्वविदित छ र यस वर्ष पनि निरन्तरता दिईएको छ । जिल्लाको पर्यटन प्रवर्द्धन विकासका लागि आगामी आ.व.मा प्रस्तावित नीतिगत तथा कार्यक्रमगत निर्णयहरु प्रस्ताव गरिएको छ भने कर्णाली पर्यटन प्रवर्द्धन विकास समितिबाट यस वर्षको लागि कार्यक्रमगत तथा वजेटको व्यवस्था भएकोमा स्वीकृत गर्न प्रस्ताव गरिएको छ । जिल्लाको उपलव्ध सिमित श्रोत साधनले धान्न नसक्ने योजनाहरु कार्यान्वयनमा ल्याउन प्राथमिकताक्रम निर्धारण गरी राष्ट्रिय योजना आयोग र सम्वन्धित मन्त्रालय, विभाग तथा डिभिजन कार्यालय तथा समितिहरुमा माग गर्न प्रस्ताव गरेको गरिएको छ ।

**आदरणीय महानुभावहरु,**

१७ औं जिल्ला परिषद्को समुद्घाटन गरी जिल्लाको विकासमा उत्प्रेरित गर्नुहुने प्रमुख अतिथि एवं विशिष्ट अतिथि ज्यूहरुलाई म जिल्ला विकास समितिको तर्फबाट पुनः विशेष आभार व्यक्त गर्न चाहान्छु । यसैगरी आफ्नो अमूल्य समय प्रदान गरी समारोहमा उपस्थित भै कार्यक्रमको गरिमा बढाई दिनु भएकोमा संविधान सभाका माननीय सभासदज्यूहरुमा तथा भुतपुर्व सभासद, सभापती, उपसभापतीज्युहरु लगायत महत्वपूर्ण योगदान पुर्‍याउने अन्य महानुभावहरुमा पनि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु ।

१७ औं जिल्ला परिषदसम्म आइपुग्दा सहयोग गर्ने सामाजिक परिचालक, वडा नागरिक मञ्च, गाविस सचिव तथा अध्यक्षहरु, इलाकास्तरमा जाने राजनीतिक दलका प्रतिनिधि, कर्मचारीहरु, विषयगत समितिका संयोजकज्यूहरु, जिल्ला स्थित राजनीतिक दलका प्रमुखहरु एवं प्रतिनिधिहरु, नागरिक समाज, सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रमुखहरु र मिडियाकर्मी लगायत सार्वजनिक सुरक्षा दिने प्रशासनिक तथा सुरक्षा निकायहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

जिल्लाको भौतिक, सामाजिक तथा आर्थिक विकासमा महत्वपूर्ण सहयोग पुर्‍याउनु हुने दातृ निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्रसरकारी संस्थाहरु प्रति पनि आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु । जिल्लाको

विकासमा खासगरी संयूक्त राष्ट्र संघीय बाल विकास कार्यक्रम (UNICEF), गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA), ग्रामीण उर्जा विकास कार्यक्रम (REDP), ग्रामिण पहुँच कार्यक्रम (RAP-3), (DFID), कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना (WUPAP), संयूक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNICEF), बालमैत्री स्थानीय शासन (CFLG) कार्यक्रम, नेदरल्याण्ड विकास नियोग (SNV), स्वीस सरकारको सहयोग Helvetas-Nepal, यूरोपियन यूनियन (EU), विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रम (DRILP-AF), स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP), गरिवी निवारण कोष (PAF), विश्व खाद्य कार्यक्रमा (WFP), LILI, SSMP, LINK, RAIDP, प्रकोप न्यूनिकरणका लागि DRSP जस्ता कार्यक्रमहरु मार्फत दातृ निकायहरुले यस जिल्लामा पुऱ्याएको योगदानका लागि म हार्दिक धन्यवाद दिदै कार्यक्रम निरन्तरताका लागि समस्त जिल्लावासीका तर्फबाट अनुरोध गर्दछु ।

**अन्तमा,**

कालीकोट जिल्लाको यस १७ औं जिल्ला परिषद तयारीको लागि सहयोग र अमूल्य सुझाव दिनुहुने जिल्लाका माननीय सभासदज्यूहरु, जिल्ला स्तरका विभिन्न राजनैतिक दलका पदाधिकारीज्यूहरु, विषयगत समितिका संयोजकज्यूहरु, विषयगत कार्यालयका कार्यालय प्रमुखज्यूहरु, गैर सरकारी संस्थाका प्रमुखज्यूहरु, गा.वि.स. सचिवज्यूहरु, जिविसका कर्मचारीहरु, बुद्धिजिवी तथा समाजसेवी लगायत सम्पूर्ण महानुभावहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । प्रस्तुत कार्यक्रम अनुमोदन र कार्यान्वयनका लागि यहाँहरुको निरन्तर सहयोगको अपेक्षा सहित पुनः सबैमा हार्दिक आभार प्रकट गर्दै बजेट, नीति तथा कार्यक्रम सम्बन्धी जानकारीलाई यही अन्त्य गर्दछु ।

**धन्यवाद !**

पुष्पराज शाही
स्थानीय विकास अधिकारी
२०७० फालुन २६